**Livecare Pharmaceuticals Pvt. Ltd.**

Mangalpur-1, Chitwan, Nepal

# नियुक्ति-पत्र तथा सर्तनामा

लिखितम् नारायणी अञ्चल, चितवन जिल्ला, मंगलपुर-१ स्थित **लाइभकेयर फर्मास्यूटिकल्स प्रा.लि.** जसलाई यसपछि पहिलो पक्ष भनिने छ र मेची अञ्चल, पाँचथर जिल्ला,नागीन–२ निवासी श्री ज्ञानेन्द्र बहादुर थापा का छोरा **श्री नारायण कुमार थापा** जसलाई यसपछि दोस्रो पक्ष भनिने छ, विच पहिलो पक्षबाट तोकिएको काम गर्नका लागि दोस्रो पक्षलाई पहिलो पक्षले यस कम्पनीको आर्थिक प्रशासनिक नियमावलि तथा स्वयं कर्मचारीको सल्लाह अनुसार **बिर्तामोड हेड क्वार्टर** मानीने गरी बजार व्यवस्थापन विभागकों **सेल्स एक्जुकेटीभ** पदमा कम्तीमा ६ महिनाको परीक्षण काल रहने गरी निम्नानुसारको सर्तमा रही निम्नानुसारको सेवा- सुविधा रहने कुरामा दुवै पक्षले मन्जुरी गरी नियुक्ति दिइएको छ ।

*तपशिल*

(१) पहिलो पक्षले काममा लगाए वापत दोस्रो पक्षलाई पारिश्रमिक वापत मासिक रुपमा प्रदान गर्नेछ, जुन यस प्रकार हुनेछ ।

परिक्षण कालको समयमा

| | |
|---|---|
| (क) वेसिक तलब वापत | रु. ७,०००।- |
| (ख) आवास भत्ता (घर भाडा) बापत | रु. ३,०००।- |
| (ग) महंगी भत्ता | रु. १,०००।- |
| (ग) टेलिफोन तथा कुरीयर खर्च वापत | रु. ५००।- |
| जम्मा | रु. ११,५००।- |

नियुक्ति पछि

| | |
|---|---|
| (क) वेसिक तलब वापत | रु. ७,०००।- |
| (ख) आवास भत्ता (घर भाडा) बापत | रु. ३,०००।- |
| (ग) महंगी भत्ता | रु. १,०००।- |
| (ग) टेलिफोन तथा कुरीयर खर्च वापत | रु. ५००।- |
| (घ) ओषधि उपचार तथा स्वास्थ्य भत्ता वापत | रु. १,५००।- |
| (ङ) मोटरसाईकल मर्मत खर्च वापत | रु. ५००।- |
| जम्मा | रु. १३,५००।- |

नोटः- आफ्नै मोटरसाईकल नभएको खण्डमा भने मोटरसाईकल मर्मत खर्च उपलब्ध गराइने छैन ।

(२) डी.ए. सुविधाका हकमा-

(क) अफ्नो कार्यक्षेत्र (हेड क्वाटर) भित्र प्रति दिन रु. २२०।-

(ख) आफ्नो कार्यक्षेत्र (हेडक्वाटर) भन्दा बाहिरको हकमा भने प्रतिदिन रु. ७५०।-

(ग) आफ्नो कार्यक्षेत्र (हेडक्वाटर) भन्दा बाहिर तर बन्द हड्ताल आदिले काम गर्ने अवस्था नरहेमा रु. ५००।-

(३) टी.ए. सुविधाको हकमा- यात्रा भत्ताको रुपमा टुर प्रोग्राम अनुसार कार्यक्षेत्रको प्रति किलो मिटर रु. ४।०० ईन्धन वा यात्रा भत्ताको रुपमा प्रदान गरिने छ ।

(४) दोस्रो पक्षको सार्वजनिक दुर्घटना बीमा पहिलो पक्षले गरिदिनेछ, जसको रकम रु. ४,००,०००।-को हुनेछ ।

(५) विदा सुविधाको हकमा-

विदा कम्पनीको आर्थिक प्रशासनिक नियमावलिमा उल्लेख भए अनुसार हुनेछ । तर आवश्यकता अनुसार पहिलो पक्षले विदाको दिनमा पनि काम लगाएमा वा काम गर्नु परेमा उक्त दिनको पनि अन्य दिन सरह नै भत्ता सुविधा प्रदान गरिने छ ।

(६) दोस्रो पक्ष कुनै कारणवश विदामा बस्नु परेमा कम्पनीबाट पूर्व स्वीकृति लिनुपर्नेछ तथा कार्यरत रहदा निरन्तर कम्पनीको सम्पर्कमा रहनुपर्नेछ ।

(७) कम्पनीको स्वीकृति विना दोस्रो पक्षले कम्पनीका कुनै पनि डिष्ट्रिव्यूटर्स संग व्यक्तीगत रुपमा आर्थिक कारोबार गर्न पाउने छैन ।

(८) तोकिएको काम बाहेक कम्पनीको व्यापार प्रवर्धन हुने खालको निर्णय लिनु पूर्व दोस्रो पक्षले पहिलो पक्षको स्वीकृति लिनुपर्नेछ ।

(९) यस नियुक्ति पत्रमा उल्लेख भए गरेका सर्तहरु चित्त नबुझेमा दोस्रो पक्षले कम्तिमा ३ महिनाको अग्रीम सूचना दिई सर्त तोड्न सक्नेछ, तर बिना सूचना सर्त तोडेमा सर्त तोड्ने पक्षले १ महिना बराबरको पारिश्रमिक सुविधा सरहको रकम अर्को पक्षलाई भरताल गर्नुपर्नेछ ।

(१०) बजार व्यवस्थापन सम्बन्धि कार्य जिम्मेवार र सन्तोषजनक नपाईएमा पहिलो पक्षले परीक्षण काललाई ६ महिना भन्दा बढी लम्ब्याउन सक्नेछ वा दफा ९ मा उल्लेख भएको सर्त लागु गर्न सक्नेछ ।

(११) बजार व्यवस्थापनको आवश्यकता अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई नेपाल अधिराज्यको जुनसुकै क्षेत्रमा पनि काम गर्नको लागी खटाउन सक्नेछ ।

(१२) यो सर्तनामा, मिति २०७१ साल बैशाख महिना १ गते का दिन देखि नै दुवै पक्षलाई लागु भएको मानिने छ ।

माथि उल्लेखित सर्तहरु हामी दुवै पक्षलाई मन्जूर छ भनी सहिछाप गरी एक एक प्रति लियौं दियौं ईति सम्वत् ..2071.. साल ..बैशाख..1 गते ............सोम बार रोज शुभम् ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट दस्तखत गर्ने | दोस्रो पक्षको तर्फबाट दस्तखत गर्ने |
| ........................................ | ........................................ |
| (राजु पौडेल) | श्री नारायण कुमार थापा |
| प्रबन्ध निर्देशक | नागीन–२, पाँचथर |
| लाइभकेयर फर्मास्यूटिकल्स प्रा. ली. | |
| मंगलपुर-१, चितवन । | |

२८

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
क्षेत्रीय पशु सेवा निर्देशनालय

# जिल्ला पशु सेवा कार्यालय

पाँचथर

फोन / फ्याक्स नं. / इमेल
०२४-५२०१२७/०२४-५२०४६९
dlsophidim@gmail.com
Toll free no.16602452444

मिति:- २०७४।०४।०१

प.स. :(प्र.)०७४/०७५
च.न. ९८

**विषय** : स्थानीय तहमा खटाइएको बारे ।

ना.प.स्वा.प्रा.श्री नारायण कुमार थापा (एक गाविस एक पशु सेवा प्राविधिक)
साविक भारपा गा.वि.स.।

उपरोक्त सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय, पाँचथरको च.नं.३ मिति २०७४।०४।०१ को प्राप्त पत्रमा उल्लेख भए अनुसार तपाइलाई मिति २०७४।०४।०१ गतेदेखि लागू हुनेगरी हिलिहाङ गाँउपालिका अन्तर्गत कामकाज गर्ने गरी खटाइएको ब्यहोरा अनुरोध छ ।

डा.अजय कुमार शाह

डा. अजयकुमार साह
वरिष्ठ पशु विकास अधिकृत
कार्यालय प्रमुख

बोधार्थ:
श्री क्षेत्रीय पशु सेवा निर्देशनालय, बिराटनगर ।
श्री जिल्ला प्रशासन कार्यालय, पाँचथर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर ।
श्री हिलिहाङ गाँउपालिकाको कार्यालय, पाँचथर ।

हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी पाँचथर (यस पछि पहिलो पक्ष भनिएको) र पाँचथर जिल्ला फिदिम न.पा वार्ड नं- ११ बस्ने नारायण कुमार थापा (यस पछि दोश्रो पक्ष भनिएको) बीच ना.प.स्वा.प्रा. पदमा रही कार्य सम्पादन गर्न तपशिलका शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकोले यो करार सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं

**१ कार्य सम्पादन सम्बन्धमा** : दोश्रो पक्षले आफूलाई तोकिएको सम्लग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा अनिबार्य रुपमा उपस्थित भई कार्य गर्नु पर्ने छ ।

(क) कृषकहरुले पालेका घरपालुवा जनावरहरु तथा पशुपंक्षिहरुमा विभिन्न रोग देखा परी समस्या भएमा स्थलगत रुपमा अनुगमन तथा निरीक्षण गरी सम्बन्धित कृषकहरुसँग परामर्श गरी आबस्यक राय, सल्लाहा र सुझाब प्रदान गर्नु पर्ने छ ।

(ख) पशुजन्य उत्पादन बढाउनको लागि यस गाउँपालिका भित्रका कृषकहरुलाई उपलब्ध गराईएको पशुहरु ( गाई,बाखा, भैषि, बंगुर) जनावरहरु लगायत पंक्षिहरुमा उचित रुपमा पाली आयआर्जन बढाउन सम्बन्धित कृषकहरुलाई ज्ञान, सीप र सुझाब प्रदान गर्नु पर्ने छ ।

(ग) यस गाउँ कार्यपालिका भित्रका कृषकहरुले पालेका पशुपंक्षिहरुमा बिभिन्न प्रकारका रोगहरु लागि जोखिम भएमा सोको रोकथाम तथा नियन्त्रण कार्यको लागि आबस्यक कार्यहरु सम्पादन गर्नु पर्ने छ ।

**२ कार्य गर्नु पर्ने स्थान** : हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी पाँचथर र कार्यालयबाट तोकिएको फिल्ड क्षेत्रमा रही कार्य सम्पादन गर्नु पर्ने छ ।

**३ करारमा काम गरे बापत प्राउने पारीश्रमिक** : रुजु माशिक हाजिरी अभिलेखका आधारमा प्रत्येक महिना ब्यतित भए पछि पहिलो पक्षले दोश्रो पक्षलाई माशिक रुपमा तोकिएको पारिश्रमिक उपलब्ध गराईने छ । साथै अन्य सेबा सुविधा नियमानुसार उपलब्ध गराईने छ ।

(क) एक आर्थिक बर्ष भित्रमा पोशाक (कर्मचारी ड्रेस) बापत तोकिएको रकम उपलब्ध गराईने छ ।

(ख) कार्यालयको कामको सिलसिलामा हिलिहाङ गाउँपालिका देखि बाहिर खटाउनु पर्ने भएमा प्रचलित नियमानुसारको दैनिक भ्रमणभत्ता बापतको रकम उपलब्ध गराईने छ ।

**४ आचरणको पालना** : दोश्रो पक्षले हिलिहाङ गाउँपालिकाको प्रचलित कानूनमा ब्यबस्था भएका आचरण तथा अनुशासन सम्बन्धी ब्यबस्थाहरु पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

**५ कार्यालयको सम्पत्तिको सुरक्षा** : जानि जानि कार्यालयको चल, अचल सम्पत्तिमा हानि नोक्सानी पु-याउने कार्य गरेमा करार सेवा जुनसुकै बखतमा पनि भङ्ग गर्न सकिने छ ।

**६ विदा :** माशिक रुजु हाजिरीको आधारमा एक महिनामा २ (दुई) दिन मात्र घर विदा उपलब्ध गराईने छ । विदा संचित हुने छैन ।

**७ करार अवधि** : यो करारनामा मिति २०७७/४/१ गते देखि लागू भई मिति २०७८ असार मसान्तमा समाप्त हुने छ ।

**८कार्य सम्पादन मूल्याङ्कन :** पहिलो पक्षले दोश्रो पक्षको कार्य सम्पादन मूल्याङ्कन हुंदा उपरोक्त अनुसार कार्य सम्पादन भएको नपाईएमा जुनसुकै बखतमा पनि करार सेवा भङ्ग गर्न सकिने छ ।

**९ दाबी नपुग्ने :** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा हकदावि गर्न पाउने छैन ।

**१० प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुने छ ।

**दोश्रो पक्षको तर्फबाट**

**नाम, थर :** नारायण कुमार थापा

**पद :** ना.प.स्वा.प्रा

**दस्तखत :**

**मिति : २०७७/४/१**

**पहिलो पक्षको तर्फबाट**

नाम, थर : विक्रम लिम्बू

पद : प्रमुख प्रशासकीय अधिकृत

**दस्तखत :**

**मिति : २०७७/४/१**

विक्रम लिम्बू
प्रमुख प्रशासकीय अधिकृत

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
प्रदेश नं. १ नेपाल

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

पं. सं. :- २०७८/०७९
चं. नं. ६६८

मितिः- २०७८/११/१८

बिषय : स्थायी नियुक्ति सम्बन्धमा ।

श्री नारायण कुमार थापा
फिदिम न.पा-११, पाँचथर

प्रदेश लोक सेवा आयोग प्रदेश नं- १ बिराटनगर, नेपालको च.नं २१६ मिति २०७८/११/ ११ को सिफारिस (**खुला**) पत्र तथा कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को उपदफा (३) बमोजिम यस कार्यालयको मिति २०७८/११ १८ गतेको निर्णयानुसार मिति २०७८/११/ १३ गते देखि तपाइलाई कृषि सेवा, भेटेरीनरी समूह, ना.प.स्वा.प्रा. (सहायक चौथो) तहको पदमा हाजिर भएका मिति देखि नियमानुसार तलब, भत्ता पाउने गरी १ (एक) बर्षको परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति गरिएको छ ।

तपाईको सेवा शर्त तथा सुबिधाहरु स्थानीय तहको सेवा शर्त सुविधा सम्बन्धी कानून बमोजिम हुने छ । स्थानीय सेवाको पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई सहित उज्ज्वल भविष्यको कामना गर्दछु ।

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
श्री मुख्यमन्त्री तथा मन्त्रिपरीषदको कार्यालय प्रदेश नं- १, विराटनगर
श्री प्रदेश लोक सेवा आयोग
प्रदेश नं-१ विराटनगर
श्री कर्मचारी संचयकोष काठमाडौं
श्री राष्ट्रिय किताबखाना ललितपुर
श्री नागरिक लगानीकोष काठमाडौं
श्री जिल्ला समन्वय समितिको कार्यालय पाँचथर
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय पाँचथर
श्री आर्थिक प्रशासन शाखा
हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर

०७८/११/१८
प्रमुख प्रशासकीय अधिकृत

फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन तथा जनशक्ती व्यवस्थापन शाखा)

थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं. २६८

मितिः २०८०/०६/०७

**विषय: नियुक्ती-पत्र।**

महाशय,

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपालको च.नं. २३०, मितिः २०८०/०६/०५ गतेको पत्र, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को उपदफा (३) तथा यस फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८०/०६/०७ गतेको निर्णयानुसार तपाईलाई नियुक्ती भएको मिति देखि नियमानुसार तलब भत्ता पाउने गरी तथा परीक्षण काल नरहने गरी यस कार्यालयमा रिक्त रहेको देहाय बमोजिमको सेवा, समूह, तह र पदमा स्थायी नियुक्ती गरिएको छ।

**देहायः**

**सेवा**ः कृषि
**समूह**ः ला. पो. एण्ड डे. डे.
**तह**ः सहायकस्तर पाँचौ
**पद**ः पशु सेवा प्राविधिक
**सिफारिस समूह**ः खुला
**कार्यालय**ः श्री फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर।

**पुनश्चः** तपाईको सेवा शर्त तथा सुविधाहरु स्थानीय तहको सेवा, शर्त सुविधा सम्बन्धी कानुन बमोजिम हुनेछ, साथै स्थानीय सेवाको पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई छ।

**श्री नारायण कुमार थापा,**
**फिदिम-११, पाँचथर।**

.............................
रणजित आङबुहाङ लिम्बु
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेश, नेपाल।
श्री राष्ट्रिय किताबखाना (निजामति), हरिहरभवन, ललितपुर।
श्री कर्मचारी सञ्चयकोष, त्रिदेवी मार्ग, ठमेल, काठमाडौं।
श्री नागरिक लगानी कोष, नँयाबानेश्वर, काठमाडौं।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।
श्री जिल्ला समन्वय समितिको कार्यालय, फिदिम, पाँचथर।
श्री प्रदेश निजामति किताबखाना, कोशी प्रदेश, विराटनगर।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, फिदिम, पाँचथर।
श्री आर्थिक प्रशासन तथा राजस्व शाखा, फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर।

फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(पशुपन्छी तथा मतस्य विकास शाखा)

फिदिम,पाँचथर

"समृद्ध शहर, फिदिम नगर"

प.स:- ०८१/०८२

च नं.- 86

मिति: २०८१/०४/०६


फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

**बिषयः प्रमाणित गरिएको बारे।**

श्री पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद

त्रिपुरेश्वर काठमाडौ।

उपरोक्त सम्बन्धमा फिदिम नगरपालिका वडा नं ११ बस्ने श्री नारायण कुमार थापा ले मिति २०८१/०४/०६ गते पेश गरेको निवेदन अनुसार २०६९ सालमा मदन भण्डारी मेमोरियल एकेडेमी उर्लाबारी मोरङ बाट पशुपालन विषयमा I.SC.AG Animal Science उत्रिर्ण गरी, हाल फिदिम नगरपालिका पाँचथरमा कार्यरत पशु सेवा प्राविधिक नारायण कुमार थापा उल्लेखित उत्रिण मिति देखी नियमित पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कामकाज गर्दै आउनुभएको व्यहोरा प्रमाणित गरिन्छ।

..............................

तिर्थराज मिश्र

अधिकृत स्तर छैठौं (प्राविधिक)

तिर्थ राज मिश्र

अधिकृत छैटौं (प्राविधिक)